# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ४) देवदह नगरपालिका, मितिः २०७८/०३/११ (संख्या १**

## भाग–१

### देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको ऐन नं. १

### ऐनको नाम : देवदह नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरूलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

नगर सभाबाट स्वीकृत मितिः २०७८/०३/१०

**प्रस्तावना :**

साविक स्थानीय निकाय (साविक गा.वि.स., नगरपालिका तथा जि.वि.स.) मा कार्यरत रही कर्मचारी समायोजन अध्यादेश-२०७५, कर्मचारी समायोजन ऐन-२०७५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह देवदह नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा र वृत्ती विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भएकोले साविक स्थानीय निकायहरुबाट (साविक गा.वि.स., नगरपालिका तथा जि.वि.स.) समायोजन भएका कर्मचारीहरुलाई कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई प्रोत्साहन सुविधा उपलब्ध गराई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवदह नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "देवदह नगरपालिकामा साविक स्थानीय निकायहरुबाट (साविक गा.वि.स., नगरपालिका तथा जि.वि.स.) समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संबिधान सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले यस ऐनको प्रयोजनका लागि साविक स्थानीय निकायहरुबाट (साविक गा.वि.स., नगरपालिका तथा जि.वि.स.) स्थानीय तह देवदह नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरु सम्झनु पर्दछ।

(घ) "स्थानीय तह" भन्नाले देवदह नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "न्यूनतम शैक्षिक योग्यता" भन्नाले प्रचलित कानून बमोजिम हाल कार्यरत पदमा सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यतालाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवदह नगरपालिका नगर कार्यपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "प्रोत्साहन सुविधा" भन्नाले साविक स्थानीय निकायहरुबाट (साविक गा.वि.स., नगरपालिका तथा जि.वि.स.) स्थानीय तह देवदह नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारीहरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तहवृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनु पर्दछ।

**३. संगठन तथा कर्मचारी दरबन्दी :**

(१) स्थानीय तहमा सेवा प्रवाहका लागि आबश्यक पर्ने संगठन संरचना तथा कर्मचारी दरबन्दी देवदह नगरपालिकाको नगरसभाले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन वमोजिमको प्रोत्साहन सम्बन्धी व्यवस्था बमोजिम स्तरवृद्धि वा तहबृद्धि भएकाहरुको हकमा स्वतः दरबन्दी सृजना हुनेछ।

**४. प्रोत्साहन सुविधा उपलब्ध गराउने :**

(१) यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि तहवृद्धि वा स्तरवृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ।

(२) उपदफा (१)बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कन समेतलाई आधार बनाईनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तहबृद्धि वा ग्रेडथप गर्दा पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत न्यूनतम ९० प्रतिशत अकं प्राप्त गरेको हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तहबृद्धि वा स्तरवृद्धि वा ग्रेड थप गर्दा देहायको मापदण्डका आधारमा गर्नु पर्नेछ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| कार्यालय सहयोगी, चौकिदार | ५ वर्ष भन्दा कम ३ बर्ष भन्दा बढी स्थायी सेवा अवधि पुगेको | सोही स्तरमा | १ ग्रेड थप |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको | एक स्तर बृद्धि | - |
| | पाचौ स्तरमा कार्यरत ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही स्तरमा | २ ग्रेड थप |
| | कार्यालय सहयोगीको हकमा दश वर्ष भन्दा बढी सेवा अवधि भएको र एस.ई.ई.वा सो सरहको शैक्षिक योग्यता भएको | सहायकस्तर चौथौ तह | - |

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| सहायकस्तर चौथो | ३ बर्ष सेवा अवधि पुरा भएको ५ बर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | पाचौ तह | - |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| सहायकस्तर पाचौं | ३ बर्ष सेवा अवधि पुरा भएको ५ बर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको र न्यूनतम शैक्षिक योग्यता भएको | अधिकृतस्तर छैठौं तह | |
| | ५ वर्ष भन्दा बढी सेवा अवधि भएको तर न्यूनतम शैक्षिक योग्यता नभएको | सोही तहमा | २ ग्रेड थप |
| अधिकृतस्तर छैठौं | अधिकृतस्तर छैठौं तहमा ३ बर्ष सेवा अवधि पुरा भएको ५ बर्ष सेवा अवधि नभएको | सोही तहमा | १ ग्रेड थप वा सेवा अवधि पुगे पछि एक तहवृद्धि हुने |
| | अधिकृतस्तरमा ५ वर्ष भन्दा बढी सेवा अवधि भएको | अधिकृतस्तर सातौं | |

(५) सेवा अवधि गणना गर्दा शुरु नियुक्ति भएको वा बढुवा नियुक्ति भएको मितिबाट यो ऐन जारी भएको मिति सम्मको अवधिलाई गणना गरिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी यो ऐन जारी भएका मिति सम्ममा यस दफा बमोजिमको सेवा अवधि सम्बन्धी मापदण्ड पुरा नभएको वा नगरेको तर यो ऐन जारी भइसकेपछि सो मापदण्ड पुरा गरेको वा हुने अवस्थामा एक पटकका लागि प्रक्रिया पुरा गरी उल्लेख भए बमोजिम प्रोत्साहन सुविधा उपलव्ध हुनेछ।

<u>स्पष्टिकरणः</u> यो ऐन जारी भएको अवस्थामा उपदफा (४) बमोजिम १ ग्रेड थप हुने कर्मचारीले तत्काल सो सुविधा नलिइ मापदण्ड बमोजिमको सेवा अवधि पुरा भएपछि स्तर वृद्धि वा तह वृद्धि सम्बन्धी सुविधा लिन चाहेमा त्यस्तो कर्मचारीलाई सुविधा छनौट गर्ने अवसर दिइनेछ । यो ऐन जारी भएको मितिले ७ दिन भित्र सुविधा छनौट सम्बन्धी निवेदन पेश गर्नु पर्नेछ।

(७) यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तर वृद्धि वा तह वृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाइ उक्त सुविधा लिन यो ऐन जारी भएको ७ दिनभित्र नगरपालिकाले ७ दिनको म्याद दिइ दरखास्त दिन सूचना प्रकाशन गर्नेछ।

(८) यस ऐन बमोजिम कर्मचारीको स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख. आर्थिक प्रशासन शाखाको प्रमुख – सदस्य

ग. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(९) उपदफा ७ बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा दफा ८ बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको १५ दिनभित्र नगरपालिकाले प्रोत्साहन सुविधा सम्बन्धी पत्र (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धीत कर्मचारीलाइ उपलब्ध गराउनेछ।

(१०)यस ऐन बमोजिम उपलब्ध गराईएको थप ग्रेड प्रचलित कानून बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि उपलब्ध गराइनेछ।

**५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलब्ध गराउने :**

(१) यो ऐन बमोजिमको प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलब्ध गराउनेछ ।

६. **यसै ऐन बमोजिम हुने** : यस ऐनमा लेखिएको कुराको हकमा यसै बमोजिम र सो बाहेक अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमाणीकरण मिति : २०७८/०३/११

आज्ञाले,
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत